# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, मंसीर २२ गते २०४० साल ( अतिरिक्ताङ्क ४८ (क)


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ५ को उपदफा (१) र दफा ९ को उपदफा (१) को खण्ड (ग) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड ३२ संख्या २४ मिति ०३९।६।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित उखडा विशेष अदालतको कार्यावधि समाप्त भएको मितिले १ वर्षको लागि थप गरिएको छ ।

मिति ०३७।३।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार विघटन भएका उखडा विशेष अदालतहरूबाट किनारा हुन बाँकी भई लुम्बिनी अञ्चल अदालतमा सरेका मुद्दाहरू उक्त अंचल अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई तोकी सुम्पिएकोमा सोको साथै उखडा जग्गा सम्बन्धमा अन्य कार्यालयहरूमा परेका उजूरी दर्ता भएका उखडा फाराम वा तत्सम्बन्धी विवादहरूलाई लिई दायर हुन आएका वा आउने मुद्दाहरूमा समेत कारवाई र किनारा गर्न यसै विशेष अदालतलाई तोकिएको छ ।

आज्ञाले,

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।